प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहका कार्यकमहरुमा शिक्षण संस्था स्थानान्तरण र कार्यक्रम परिवर्तनका लागि स्वीकृति दिइएको सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८०।१०।२९)

यस कार्यालयको मिति २०८०।०९।२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा र निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका विभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको शिक्षण संस्था स्थानान्तरण/कार्यक्रम परिवर्तन गरी स्थानान्तरण गर्नका लागि मिति २०८०।१०।१० गते कार्यालय समयभित्र परीक्षा नियन्त्रण कार्यालयमा रीतपूर्वक दर्ता भएका निवेदनहरुमा परीक्षा नियन्त्रण कार्यालयको सूचना बमोजिम आवश्यक कागजात पूरा भएका निम्न लिखित विद्यार्थीहरुको शिक्षण संस्था स्थानान्तरण, कार्यक्रम परिवर्तन र कार्यक्रम परिवर्तन गरी अन्य शिक्षण संस्थामा स्थानान्तरणका लागि स्वीकृति दिइएको व्यहोरा मिति २०८०।१०।२२ गतेको निर्णयानुसार सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्वन्धित शिक्षालयमा बिद्यार्थीहरु भर्ना हुन जानुपर्नेछ।

शिक्षण संस्था स्थानान्तरण/कार्यक्रम परिवर्तन गरी अध्ययन गर्न यस कार्यालयमा स्वीकृति पाएका बिद्यार्थीहरुले तोकिएको शिक्षण संस्थामा जानकारी गराई कक्षामा सहभागी हुन सक्नेछन। साथै सहमति पत्रका लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयको रजिष्ट्रेशन शाखामा कार्यालय समयमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ।

**सम्पर्क फोन नम्बर ०१-६६३०३४२**

**परीक्षा नियन्त्रक**